# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## (चौधौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७६/०३/०२ गते दिउसो २:०० वजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको २ बजेर ५ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई **"प्रदेश लोक सेवा आयोगको गठन काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। प्रदेश निजामती सेवा,

प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता एवम् निश्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोकसेवा आयोगको आवश्यकता, आयोगको आवश्यकता भएकोले प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा (१) गण्डकी प्रदेश प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गलाई मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को राजश्व र व्ययको वार्षिक अनुमानको सम्बन्धमा आफ्नो भनाई सहित वक्तव्य प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्ग

माननीय सभामुख महोदय, माननीय सभासदज्यूहरु अब हिजो मात्र आर्थिक वर्ष २०७६/०७७ को अनुमानित बजेट पेश भएको छ र हिजो नै आर्थिक विधेयकको हिसाबले आर्थिक ऐन प्रस्तुत भएको छ र त्यसको साथसाथै हिजो प्रस्तुत भएको आय व्यय सम्बन्धी जुन विधेयक छ, बजेट छ र त्यो टेबल भई सकेको छ। र त्यसमा यो बजेट वक्तव्य र यसको साथसाथमा रातो पुस्तक भनेर भनिन्छ, रेड बुक भनेर भनिन्छ र त्यो पनि यहाँहरुको समक्ष यहाँ सबै माननीय सदस्यहरुलाई उपलब्ध गराई सकेको छ र खास गरेर यस भन्दा अगाडी हामीले नीति कार्यक्रम पास गऱ्यौ पारित गऱ्यौं र तिनै नीति र कार्यक्रमको आधारमा हामीले यो बजेट बनाएका छौं।

निर्माण गरेका छौं र यसको, यस बारेमा अब यहाँहरुले छलफल गर्दाखेरि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा गरेको छु। र सकभर हामीले अहिलेको बजेटमा नयाँ के छ भन्दा धेरै कुराहरुलाई हामीले निरन्तरता दिएका छौं। पुरानै कुराहरुलाई निरन्तरता दिएका छौं। नयाँ के छ भन्दा यस बजेटले करिब करिब पाँच अरब यद्यपि त्यहाँ तीन अरब करिब २८ करोड आन्तरिक राजश्व संकलन गर्ने हामीले लक्ष्य राखेका छौं र त्यसमा हामीले सवारी करलाई २५% छुट पनि दिएका छौं र त्यहाँ उठेको फेरि हामीले स्थानीय तहसँग पनि विभाजन गर्नु परेको हुँदा करिब करिब हामीले पाँच अरब भन्दा बढी आन्तरिक काम र स्रोतबाट राजश्व संकलन गर्ने एउटा उद्देश्य राखेका छौं। मलाई लाग्दछ त्यो, यो बजेटको सबैभन्दा अब महत्वपूर्ण पाटो हो भन्ने मलाई लाग्छ। अब संधै माथिबाट आउने संघबाट आउने स्रोतको आधारमा मात्रै अब हामीले बजेट निर्माण गर्नु हुँदैन। संविधानले तोकेको, संविधानले दिएको कार्यक्षेत्र भित्र रहेर, अधिकार क्षेत्र भित्र रहेर र यो यातायातसँग सम्बन्धित कर, पर्यटनसँग सम्बन्धित पर्यटन शुल्कहरु र त्यस्तै गरेर स्थानीय तहसँग मिलेर अब उठाउनु पर्ने दहत्तर, बहत्तर, ढुँङ्गा, गिट्टी, बालुवा, खानी, ढुङ्गा खानी लगायतका करहरुदेखि मनोरञ्जन कर, विज्ञापन कर लगायतका धेरै अब क्षेत्रहरु छन् र हाम्रो एकलौटि भएको कर अधिकार क्षेत्र भित्र पर्ने कृषिमा आय कर भनेर भन्दिएको छ र यो कृषि आयमा जुन कर लगाउन पाउने जुन अधिकार छ त्यो अधिकारको बारेमा हामीले यो आर्थिक ऐनमा त्यसलाई अलिकति परिभाषालाई अलितकति स्पष्ट पार्ने काम पनि हामीले यस पटक गरेका छौं। यस भन्दा अगाडी अन्न उपज भन्नाले धान, कोदो, मकै, मासु, माछा भन्ने जुन कुरा थियो त्यसमा हामीले के थप गरेका छौं त भन्दा, र त्यसलाई प्रशोधित गरेर निकालिने अर्थात् प्याकेजिङ्ग गर्नेलाई पनि हामीले यो कृषि उत्पादनमा राख्नु पर्छ भनेर जसो धानबाट चामल निकालिन्छ, गहुँबाट मैदा निकालिन्छ र त्यसलाई प्याकेजिङ्ग गरिएला, बोरामा प्याकेजिङ्ग गरिएला वा अर्को कुनै प्याकेज गरेर वितरण गरिन्छ भने पनि त्यसलाई कृषि उपज नै मान्नु पर्छ भनेर हामीले त्यसलाई हामीले संशोधन गरेका छौं र यसरी संशोधन गर्दा हामीले कृषि क्षेत्रबाट पनि केही कर हामीले संकलन गर्न सक्छौं भन्ने

मलाई लागेको छ र त्यस पछि यो पर्यटन शुल्कको सम्बन्धमा खास गरेर यो स्थानीय तह, प्रदेश सरकार र संघ सरकारले पनि यो शुल्क उठाउँदै गर्दै आएको र एकद्वार प्रणालीबाट अब यो पर्यटन शुल्क उठाउने कुरालाई व्यवस्थित गर्ने, नियमन गर्ने र धेरै यस्ता क्षेत्रहरु होलान् जहाँ हामीले पर्यटन शुल्क लगाउन सक्छौं, केही छुटेका हुन सक्छन् प्रदेश भित्र ति क्षेत्रहरुलाई पनि प्रदेशले तोकेर त्यसबाट अब आम्दानी गर्न सकिने र त्यो त्यहाँबाट उठने सबै आम्दानी शुल्कहरु त्यसै क्षेत्रमा नै खर्च गर्ने गरी अब यसलाई व्यवस्थित गर्नु पर्ने आवश्यकता देखेका छौं। र मलाई लाग्छ अहिलेको बजेटमा अरु त अब हामीले भन्दै आएका, गर्दै आएका, र हामीले गर्नु पर्ने कुराहरु नै छन् र यस पटक हामीले हुन त विगतको यस भन्दा चालु आर्थिक वर्षमा पनि भौतिक पूर्वाधार विकासलाई नै हामीले महत्व दिएका थियौं। बजेटको हिसाबले भने बजेटको रकम विनियोजनको हिसाबले र अहिले पनि भौतिक पूर्वाधार विकासमा नै त्यो कुरा केन्द्रित गरेका छौं र त्यसो गर्दा कतिपयलाई के लाग्न सक्छ भन्दा हामीले पर्यटन विकास भन्दा भन्दै पर्यटन प्रवर्द्धनलाई जोड दिनु पर्छ भन्दा भन्दै पनि अहिले पर्यटन क्षेत्रमा त्यस्तो लगानी देखिएन भन्ने खालको प्रतिक्रियाहरु पनि मैले प्राप्त गरेको छु। मलाई लाग्छ यो पर्यटन प्रवर्द्धन भनेको विशुद्ध यो विशुद्ध एउटा क्षेत्र रहेछ यो पर्यटन प्रवर्द्धन भनेको बहुआयामिक क्षेत्र छ यसको यसको पूर्वाधार विकासलाई पनि हामीले जोड दिएका छौं भने कतिपय पूर्वाधार विकासका मा छुट्ट्याएको रकम त्यो भौतिक विकास मन्त्रालय अन्तरगतले गर्नु पर्ने भएको हुँदा केही मन्त्रालयहरु अन्तरगत त्यो गएको छ। त्यसले गर्दाखेरि यता पर्यटन मन्त्रालयमा त्यो कम देखिएको हुन सक्छ। त्यस्तै गरेर पर्यटनलाई नै लक्ष्य गरेर हामीले कृषि प्रणालीलाई अगाडी बढाउने भन्ने कुरा पनि गरेका छौं र जसले गर्दाखेरि त्यो फेरि कतिपय पर्यटनसँग सम्बन्धित पर्यटक, पर्यटन प्रवर्द्धन गर्ने सँग सम्बन्धित कुराहरु पनि त्यो कृषिमा गएको हुन सक्छ। त्यस्तै गरेर शिक्षा, त्यस्तै गरेर खेलकूदमा किनकि सबैले नै खेलकूद पर्यटन भनेर भनी रहेका छौं, कृषि पर्यटन भनेका छौं, वन पर्यटन भनेका छौं। यि विभिन्न कारणले गर्दाखेरि, यि सबै ठाउँमा त्यो पूर्वाधार विकास गर्नका निम्ति छुट्ट्याइएको, पर्यटन प्रवर्द्धन गर्नका निम्ति

छुट्टाइएका विभिन्न रकमहरु यो विभिन्न अन्यत्र पनि गएको हुँदा अब अहिले यो वन तथा जुन पर्यटनसँग सम्बन्धित जुन मन्त्रालय छन् त्यो मन्त्रालयमा अलि थोरै देखिएको जस्तो हुन सक्छ र अर्को कुरा फेरि अहिले निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन गर्ने भनेर हामीले यस पटक अब यो बजेट हामीले छुट्टाएका छौं र मिडियाले के भनी रहेको छ भन्दाखेरि बाहिर सबै मिडियाले अब यो प्रत्यक्ष निर्वाचित सांसदहरुको निम्ति छुट्टाइयो अरुलाई छुट्टाइएन भन्ने आशय छ। धेरै ठाउँमा समाचार हामीले धेरै अब मिडियाका साथीहरु पनि हुनुहुन्छ अब यहाँ त्यस्तो हो र हामीले यहाँ स्पष्ट ढंगले निर्वाचन विकास कार्यक्रम भनिएको छ। हिजोको सांसद विकास कोष र अहिलेको निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई एउटै रुपमा लिनु हुँदैन। हिजो सांसद विकास कोषमा सांसदहरुलाई पैसो उपलब्ध गराइन्थ्यो र सांसदहरुलाई लाएको आफू खुसि त्यसलाई वितरण गर्न पाउन्थ्यो र त्यसरी वितरण गरिएका को पनि राम्रो बिल भरपाई चाहिँदैन थियो। बिल भरपाई त माग गर्थ्यो माग गर्न त तर त्यो राम्रो खालको बिल भरपाई नभईकन काम चलाउ खालको बिल भरपाइले पनि त्यो फर्छ्यौट हुन्थ्यो र अहिले तेस्हुँदैन। त्यो निर्वाचन क्षेत्र भनेको पछि, त्यो निर्वाचन क्षेत्र  भित्र रहने सबै सांसदहरु प्रत्यक्ष होस् या समानुपातिक होस् सबैको बराबरी हो। त्यो योजना छनौट गर्ने सम्बन्धमा र त्यस पछि त्यसलाई योजना छनौट भई सकेपछि त्यो सम्बन्धित मन्त्रालयमा जुन जुन मन्त्रालय अन्तरगत ति योजनाहरु छनौट हुन्छन् ति मन्त्रालयमा त्यसको जानकारी पठाइन्छ र त्यस पछि त्यो मन्त्रालयले त्यसलाई कार्यान्वयन गर्छ र त्यो कार्यान्वयन गर्नका निम्ति योजना छनौट गर्ने काम पनि अब त्यसै निर्वाचन क्षेत्र भित्र अन्तरगत तपाईं सबै अब सांसदहरुको भूमिका सबै भूमिका समान हुने कुरा पनि मैले यहाँ जानकारी गराउन चाहन्छु र यति भन्दै अब यो फेरि बजेट वक्तव्य हो। यो बजेट वक्तव्य भनेको के हुन्छ भनेदेखि धेरै कुराहरु छुटन सक्छन् र सबै कुराहरु त्यो दिने जो शिर्षकगत एक्टिभिटिसका हिसाबले जुन अब आउनु पर्ने त्यो भोलि गएर अब मन्त्रालयगत छलफलमा अर्थात् विनियोजन, अब जुन छलफल शुरु हुन्छ र त्यसमा पनि त्यो डिटेलमा त्यो कुराहरु थाहा हुन सक्छ। तर यो वक्तव्यमा अब सबै

कुराहरु समेटिन पनि नहुन सक्छ। यहाँ परेका योजनाहरु त्यहाँ अहिले यो वक्तव्यमा त्यो नपर्न पनि सक्छ। त्यसकारणले अहिलेको यो जुन सैद्धान्तिक छलफल भनेर भनिन्छ यो पहिलो पटक छलफल गर्ने र यसको यो यसको सैद्धान्तिक हिसाबले यो उपयुक्त छैन। कस्तो छ? कसरी छ? के गर्नु पर्छ? के हुनु पर्ने थियो ? भन्ने सन्दर्भमा यहाँहरुको अब रचनात्मक सुझावको अपेक्षा गर्दै म आफ्नो भनाई समाप्त गर्छु। हस् त धन्यवाद ।

## माननीय सभामुखज्यू

अव, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/७७ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम म, माननीय श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय श्री आशा कोइराला

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले आफ्नो स्थापनाको कार्यकालको दोस्रो पूर्ण बजेट हिजो मात्र हामी समक्ष प्रस्तुत गरेको छ। बत्तिस अरब सैंतिस करोड सतचालिस लाख ब्यानब्बे हजारको यो प्रस्तुत भएको बजेट मैले वस्तुवादी र यथार्थपरक ढंगले ल्याएको अनुभूति गरेको छु। यो बजेट कसैलाई महत्वकाँक्षी ढंगले पनि हामीले हेरेका छौं त्यस्तो लाग्न सक्छ। कसैले असाध्यै कम भोल्यूमको बजेट असाध्य कम आयतनको बजेट भनेर पनि भनेको मैले सुनेको छु त्यो पनि हामीलाई लाग्न सक्छ। कम पनि छ तुलनात्मक रुपमा हाम्रो सात वटा प्रदेशहरु मध्येको दोस्रो कम बजेट हाम्रो प्रदेशमा प्रस्तुत भएको छ तर मलाई के लाग्छ भने नीति तथा कार्यक्रममा छलफल गर्दैगर्दा हामीले महत्वाकाँक्षी बजेट हुनु नै पर्छ।

यदि हामीले कुनै बजेटमा महत्वाकाँक्षा राखेन भने हामीहरुले हाम्रो लक्ष्य पूरा गर्न सक्दैनौं। किनभने जो मान्छेले धेरै उद्देश्य राख्छ, उसले मात्र त्यो उद्देश्य सफल गर्न सक्छ। हरेक पाइलामा सफलता प्राप्त गर्न सक्छ। उद्देश्य नै साँघुरो भयो भने हामीले धेरै सफलता र परिणाम प्राप्त गर्न सक्दैनौं भनेर त्यति बेला पनि विचार प्रस्तुत गरेका छौं। त्यसैले यो धेरै महत्वाकाँक्षी छैन तर केही महत्वाकाँक्षी छ। यो हुनु पर्छ तर वस्तुवादी छ, यथार्थपरक छ।त्यसैले म यो बजेटको पूर्ण समर्थन गर्न चाहन्छु। यो बजेटले जे उद्देश्य राखेको छ, त्यो उद्देश्य सार्थक पार्नको लागि समानुपातिक र समावेशी विकासको अवधारणालाई यसले अहिले पनि राम्रोसँग पकडेको छ। त्यो कुन मानेमा भने निर्चावन क्षेत्रलाई केन्द्र गरेर केन्द्रित गरेर, स्थानीय तहहरुलाई पनि मध्य नजर गरेर, अझै स्थानीय तहका पनि वडाहरुलाई केन्द्र मानेर समानुपातिक ढंगले योजनाहरु जाउन भन्ने किसिमले यहाँ योजनाहरु विन्यास भएको छ। त्यो ढंगले यो बजेट प्रस्तुत भएको छ। सबै समुदायलाई लक्षित गरेर यो बजेट आएको छ। त्यसकारण समानुपातिक र समावेशी पनि छ। त्यो अर्थमा हामीले सामाजिक न्यायको सिद्धान्तलाई हामीले राम्ररी पकडेका छौं। अब यो बजेटमा विशेष गरि भौतिक पूर्वाधार विकासमा धेरै जोड दिएको छ। झण्डै ४०% बजेट भौतिक पूर्वाधारमा केन्द्रित भएको हामीले पाएका छौं। यसले ग्रामीण क्षेत्रलाई मध्यनजर गरेर बजेटहरु पनि केन्द्रित गरेको छ जसरी पर्यटनलाई महत्व दियो। पर्यटन पछि उर्जा कृषि उद्योग लगायतका क्षेत्रहरुमा आफ्नो प्राथमिकता तय गर्दै जाँदाखेरि पर्यटन, कृषि, उद्योग लगायतका पूर्वाधारका लागि भौतिक पूर्वाधार अनिवार्य छ। जहिलेसम्म हामी कुनै पनि राष्ट्रको क्षेत्रको विकास चाहन्छौं त्यो विकास भौतिक पूर्वाधार बिना सम्भव छैन। भौतिक पूर्वाधार नै विकासको पहिलो खुडकिलो हो। पहिलो आधार हो त्यसैले यो पूर्वाधारको आधारमा हामीले यस अगाडी चालु आर्थिक वर्षमा पर्यटनको क्षेत्रमा जति योजनाहरु केन्द्रित गर्‍यौं होमस्टेहरु स्थापना गर्ने। होमस्टेकै माध्यमबाट गरिबी निवारण र रोजगारी सिर्जना गर्ने काममा हामीले गरिबी र गरिबी निवारण र रोजगारी सिर्जना गर्नको लागि होमस्टेलाई हामीले आधार बनायौं त्यसै पर्यटनको अन्य योजनाहरु बने। अरु  कृषिको लागि पनि वातावरण मैत्री कृषि

नमूना गाउँहरु निर्माण गरेर, नमूना मोडलहरु निर्माण गरेर उत्पादनका अन्य योजनाहरुमा हाम्रा युवाहरुलाई सहभागी गराउने र सहभागी भएका युवाहरुलाई अझै उहाँहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले जुन खालको कामहरु गरिएको थियो, त्यसमा प्रोत्साहन गर्ने नीति अहिले पनि हामीले यो बजेट वक्तव्यमा पाएका छौं। प्रदेश स्तरमा औद्योगिक क्षेत्र दुई वटा स्थापना गर्ने भन्ने जुन योजना छ, त्यसको साथसाथै हरेक स्थानीय तहमा औद्योगिक ग्रामहरु स्थापना गरेर युवाहरुलाई रोजगार दिने र व्यवस्थाको माध्यमबाट स्वरोजगार बनाउने दुबै योजनाहरु यसमा केन्द्रित भएको छ। शिक्षाको क्षेत्रमा पनि आदर्श विद्यालयहरु पनि स्थापना गर्ने। प्राविधिक शिक्षामा जोड दिने। गुणस्तरीय शिक्षालाई गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि समग्र शिक्षा क्षेत्रमा उपयुक्त वातावरण तय गर्ने लगायतका कार्यक्रमहरु बजेटमा प्रतिबिम्बन भएका छन्। त्यसकारण पनि यो महत्वपूर्ण छ। अब युवाहरुलाई खेलकूदको क्षेत्रमा लगाउनको लागि इकाईहरु सारै खेलकूद मैदान लगायतका  निमार्ण गर्ने कार्यहरु यसमा आएको छ। त्यो मात्र नभइकन अब हामीले यो प्रदेशलाई उज्यालो प्रदेश बनाउनु पर्छ भनेर त्यो उज्यालो अभियानमा हिमाली क्षेत्रहरु जहाँ विद्युत पुऱ्याउन अहिले असमर्थ छ त्यस्तो ठाउँहरुमा वैकल्पिक उर्जाको माध्यमबाट र जुन ठाउँमा सम्भावना हुँदा हुँदै पनि विद्युतीकरण भएका छैनन् र त्यस्ता ठाउँहरुमा विद्युत लाइनहरु खुलाएर अहिले जुन खालको उज्यालो प्रदेश बनाउने अभियान पुरा गर्ने लक्ष्य लिएको छ। यि यावत कुराहरुको साथसाथै प्रदेश गौरवका योजनाहरु तय गरेर गण्डकी यूनिभर्सिटी, आईटी पार्क लगायतका जुन हाम्रा उत्तरी र दक्षिणी सिमाना जोडने नाकाहरु छन् ति सबै प्रदेश गौरवका योजनाहरुलाई महत्वपूर्ण ढंगले बजेट विनियोजन गरेर ति योजनाहरुलाई पूरा गर्ने तर्फ पनि यो बजेट वक्तव्य केन्द्रित छ। त्यस कारण हामीले त्यसबाट त्यो बजेटको राम्रो र प्रभावकारी कार्यान्वयन गर्न सक्यौं भने हाम्रो प्रदेशको आर्थिक विकास हाम्रो प्रदेशको संमृद्धि र हाम्रो प्रदेशको सबै जनताको एउटा आर्थिक जीवनस्तर उठाउनको लागि र जनतालाई पनि सुखी र संमृद्ध बनाउका लागि यो बजेट पर्याप्त छ तर हामीले देखेको एउटा चुनौति के हो भने जति हामी लक्ष्य राख्छौं र योजनाहरु प्रस्तुत गर्छौं बजेट पनि त्यहि अनुसार

विनियोजन गर्छौं। तर त्यसलाई हामीले समयमा नै प्रभावकारी ढंगले जुन उद्देश्य राखियो त्यो उद्देश्य अनुसारको परिणाम आउने ढंगले हामीले कार्यान्वयन गर्न सकि रहेका छैनौं। उदहारणका लागि यहि आर्थिक वर्षका चालु आर्थिक वर्षको योजनाहरु हिजै अर्थ मन्त्रीज्यूको अर्थ मन्त्रीज्यू बजेट वक्तव्यलाई मा प्रस्तुत भएको कुरालाई हेर्दा हामीले सतसठ्ठी प्रतिशत उपलब्ध अथवा सतसठ्ठी प्रतिशत बजेट हामी कार्यान्वयन गर्न सफल हुन्छौं उहाँले राखु भएको छ। हामीले सत्तरी प्रतिशत बजेट कार्यान्वयन गरेर देखायौं पनि हामीले पूर्ण सफलता प्राप्त गर्न सक्दैनौं। त्यसकारण यो गर्न नसक्नको पछाडीको हाम्रा कारणहरु के छन् त्यो कारणलाई राम्रोसँग पहिचान यो बजेट वक्तव्यमा अर्थ मन्त्रीज्यूले गर्नु भएको मैले अनुभूति गरेको छु किनभने उहाँले भन्नु भएको छ। हामी खरिद ऐनलाई प्रदेशको खरिद ऐन पनि बनाउँछौं र त्यसलाई आवश्यकतानुकूल परिमार्जन संशोधन गर्छौं। त्यो कुराको यहाँ प्रतिबद्धता यहाँ भएको छ। हामीले यदि यो बजेटलाई हामीले यो बजेटलाई जबसम्म समयमा कार्यान्वयन गर्न सक्दैनौं त्यसको यो पूँजीगत बजेटलाई खर्च सक्दैनौं त्यहिले सम्म हामीले राखेको लक्ष्य प्राप्त गर्न सक्दैनौं त्यसकारण यो खरिद ऐनलाई ल्याउने समयानुकूल बनाउने कुरामा जोड दिनु पर्ने र हामीले जति भनेपनि नेपाल सरकारले पनि परम्परागत रुपमा अझै सम्म सकेको छैन भन्ने आयो। गण्डकी प्रदेश सरकारले पनि हुनत हामी दोस्रो वर्षको पूर्ण बजेट कार्यान्वयन तिर जाँदैछौं। समयमै बजेट कार्यान्वयन गर्न शुरु नगरिएको कारणले अहिले हाम्रो त्यो पुँजीगत बजेट खर्च हुन नसकेको हो। सबै योजनाहरु समयमा सम्पन्न हुन नसकेका हुन् । त्यस कारण आगामी वर्षमा हिजोको प्रतिबद्धता व्यक्त भई सकेको छ तरपनि  अब साउन भदौंदेखि नै हाम्रो योजना कार्यान्वयन गर्नको लागि शुरुवात गरियोस् त्यस्तो भयो भने हामीले यति सच्याउने बित्तिकै हामीले हाम्रो लक्ष्य हासिल गर्न समर्थ हुनेछौं। त्यसतै अर्को मलाई के लाग्छ भने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको बारेमा विभिन्न टिकाटिप्पणीहरु आएका छन्। मलाई के लाग्छ भने मूल बजेटले समेटन नसकेका हाम्रा योजनाहरु जनताका समस्या र आवश्यकताहरु समाधान गर्नको लागि यो निर्वाचन क्षेत्र विकास कार्यक्रमले हामीलाई महत्वपूर्ण सहयोग गर्नेछ। त्यसको

समानुपातिक र प्रत्यक्षको विभेद हुँदैन भन्ने कुरामा म के कुरामा विश्वस्त छु भने म समानुपातिक सांसद भएर पनि ४ वर्ष मैले बिताएं त्यति बेला पनि यो पूर्वाधारको कार्यक्रमहरु आएको थिएन। निर्वाचन क्षेत्रमा केन्द्रित गरेको हुनाले भूगोलको विकासलाई केन्द्रित गरेको हुनाले

**माननीयज्यू समय सक्कियो**

यसमा समस्या आउँदैन भन्ने कुरामा म प्रतबद्ध छु र मलाई विश्वास छ र अर्को कुरा मलाई के लाग्छ भने, जहाँसम्म हामीले खनिज पैदावार र वन पैदावारको बारेमा आवश्यक नीति र यसको कार्यक्रम बन्न सकेको छैन। यसमा सरकारको ध्यान जाओस् अर्कोतिर कृषि पर्यटन र उद्योगहरुमा ...

**माननीयज्यू समय सक्कियो**

यहाँहरु यो राजश्व वृद्धि गर्ने तर्फ पनि यहाँहरुको ध्यान जाओस् । तालीमहरु आवश्यकता भन्दा बढी ढंगले हामीले दिएका छौं । उत्पादन र यो रोजगारलाई जोडेर मात्रै तालीमको व्यवस्था गरियोस् यि कुराहरु राख्दै विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय श्री मेखलाल श्रेष्ठलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, आज हामी यो २०७६/०७७ को बजेटको विषयमा छलफल गर्न गई रहेका छौं। हामीले यसले यसकै परिपेच्क्षमा रहेर तीन पटकसम्मन यहि रोष्ट्रममा उभिएर हामीले प्रदेश सरकारलाई विभिन्न सुझावहरु दियौं। नीति तथा कार्यक्रममा र अन्य विषयमा तर मलाई आज भन्न मन लागेको छ। अर्थ मन्त्रीज्यू र मुख्यमन्त्रीज्यूले रोष्ट्रममा पनि भनि सक्नु भयो बजेटमा धेरै कुराहरु आएका छन्। बजेटमा धेरै मिहिनेत गरिएको छ। महत्वाकाँक्षी छ सबै ठाउँलाई समेटिएको कोशिश

गरिएको छ यसमा दुई मत छैन यति हुँदाहुँदै पनि सभामुख महोदय नियत र नियति, यो सबभन्दा ठूलो नेपालको इतिहासमा नेपाल व्यवहारमा लागु हुँदो रहेछ। त बोल्दै छ म सुन्दै जान्छु तर म केहि पनि गर्दिन किनभने म अहिले सरकारमा छु। यि कुराहरु हाम्रो प्रदेश सरकारमा पनि झल्किन थालेका हुन् कि भन्ने मलाई कता कता डर र अर्को कुरा माननीय सत्तापक्षका सांसदहरुलाई देखेर मलाई कता कता माया लाग्न थालेको छ। दया लाग्न थालेको छ। किनभने तपाईंहरुको मनमा मुख्यसचिवज्यू अगाडी नै हुनुहुन्छ तर उहाँको मनमा एउटा कुरा लागेको छ बोल्नै सक्नु हुन्न तर कृपा गरेर म तपाईंहरुलाई भन्न चाहन्छु। नेपालको संसदीय इतिहासमा विश्वको संसदीय इतिहासमा सत्तापक्षको सांसदले सरकारलाई सबै कुरामा सर्पोट गर्नु कुरा सहि होइन।जायज कुरामा सत्तापक्षको सांसदहरुले सर्पोट गर्नु पर्दछ । जब सरकारको नीति तथा कार्यक्रममा खोट होला, सरकार गिर्ने अवस्था आउला, त्यो बेलामा सत्तापक्षको सांसदहरुले सरकारको पक्षमा बचाउ गर्नु उहाँहरुको नितान्त कर्तव्य हुनेछ तर हाम्रो प्रदेशका माननीयज्यूहरु मेरो अर्को चोटि टिकटै खोसिन्छ कि होइन अहिलै पद जान्छ कि गरेर कुनै समर्थनमा होइन यो प्रदेशको उज्वल भविष्यको लागि यो प्रदेशलाई सबैले मिलेर अगाडी बढाउनको लागि हामीले बोल्नु पर्दछ र सरकारलाई घचघचाउनु पर्दछ र सरकारले गल्ति गरेको छ भने त्यसलाई सहि बाटोमा ल्याउनु पर्दछ भन्नेमा हामी सबै एकजुट होऔं। यो पक्षपात भन्ने कुरा अर्थ मन्त्रीज्यूले अघि रोष्ट्रमै भन्नु भयो हिजो मुख्यमन्त्रीज्यूले पत्रकार सामु भन्नु भएको छ। एकदमै ठीक कुरा भन्नु भएको छ उहाँहरुको बाध्यता होला तर म उहाँहरुसँग विनम्रतापूर्वक अनुरोध गर्दछु। पक्षपात भयो कि भएन त। सबै क्षेत्रमा हामीले चालीस परसेन्टको विकास बजेट छुट्टयाउँदै गर्दा छत्तिसै वटा निर्वाचन क्षेत्रमा क्यालकुलेटर राखेर बजेट विनियोजन गरेका छैनौं ।आज हामीले छत्तिस क्षेत्रमा बहत्तर करोड योजना छुट्याउँदै गर्दा कुनै कुनै प्रत्यक्ष माननीयलाई बढि निरीह अवस्थामा पारिएको छ। के त्यो क्षेत्रमा केही करोड रुपैया थपी दिंदा त्यहाँको मान्छेले विकासको प्रतिफल पाउने थिएनन्। के त्यो क्षेत्रमा विकास पुगि सकेको हो। हामीहरुले बजेट विनियोजन गर्दै गर्दा जम्मा ४८ करोड रुपैया निकाल्नको

लागि यो प्रदेश सरकारलाई कुनै पनि हालतमा खाँचो थिएन भन्ने कुरा मलाई कहाँ लाग्छ भने सरकारले विनियोजन गरेका धेरै राम्रा राम्रा योजनाहरु छन् तर त्यसमा कार्यान्वयन गर्नको लागि समय र प्रविधिको कारणले केही बजेटहरु खर्च नभएका कुराहरु अघिल्ला वर्षहरुले पनि देखाएका छन्। केहि योजनाहरुबाट मात्रै केही रकम झिक्न सकियो भने ४८ करोड सरकारको लागि केही होइन र त्यो कुनै पनि प्रत्यक्ष वा समानुपातिक माननीयहरुले कसैको छोरीको बिहा गर्न या घर बनाउन मागेका होइनन्। गाउँका जनताहरु हाम्रो प्रदेश सरकारले भन्ने गरेको छ, गाउँका गरिब निमुखाहरुको उज्यालो अनुहारोमा अनुहारलाई उज्यालो बनाउने तपाईंहरु ठाउँमा प्रदेश सरकारको ठाउँमा ति गाउँ निमुखाहरुको रियल योजनाहरु तपाईंहरु गाकै छैन। साना-साना योजनाहरु गाउँमा माननीयहरु घुम्न जाँदा बोलेका कुराहरु गाउँमा माननीयहरुलाई सुनाएका कुराहरु केही क्षेत्र विकासको स्वार्थ परिपूर्ति गर्न सकिने अवस्था छ। हाम्रो सरकारले नेपाली जनता प्रदेश जनतालाई विकास गर्नको लागि विकास बजेट पूरा गर्नको लागि छुट्टाएको रकम त्यसबाट नियमनकारी बनाएर अहिले अर्थमन्त्रीज्यूले भन्या झैं त्यसलाई पारदर्शी रुपमा पहिला पहिलाको पाठहरुलाई सिकाएर कुनै पनि माननीयलाई पैसा होइन योजना च्वाइस गर त्यो योजनाको पैसा कुनै उपभोक्ता समिति मार्फत होइन त्यो स्थानीय निकायमा हो चाहे त्यो गाउँपालिका होस् चाहे त्यो नगरपालिका होस् त्यस मार्फत बजेट खर्च गर्ने तर कुनै पनि माननीयले साना तिना योजनाहरु गाउँबाट  ल्याएर खाली योजनाको नाउँ मात्रै पेश गर्ने दियो भने हाम्रो विकासको गति र हाम्रो विकासको चाहना पनि अझै अगाडी बढछ भन्ने मलाई लाग्छ। छुट्टाइएको योजनाहरु राम्रा छन् गर्नु पर्दछ तर डिपीआर नभइकन धेरै पैसाहरु छुट्टाइएको छ। ति योजनाहरु पूरा गर्ने लक्ष्य यो सरकारसित छैन कि भन्ने हामीलाई शंका लागेको छ। त्यसको लागि संयन्त्रहरु यूज गरेर चाँडो भन्दा चाँडो ति योजनाहरुलाई कार्यान्वयन तिर अगाडी बढाइयोस् । र हामीले संघ होस् या प्रदेश सरकार होस् धेरै कुरा गऱ्यौं कृषिका कुरा आधुनिकिकरणका कुरा। हो, प्रदेशलाई विकास गर्नका लागि पर्यटनको तेत्तिकै जरुरी छ, पूर्वाधारको तेत्तिकै जरुरी छ। पूर्वाधारको विकास भएन भने न कृषि

उपज उत्पादन हुन्छ, नउत्पादन भएको कृषि उपज बजारमा व्यवस्थापन गर्न सकिन्छ। पूर्वाधारको विकास त छँदैछ। पर्यटनको विकास गर्नको लागि पनि बाटाघाटाहरु होटेलहरु ठाउँ ठाउँमा देखिने परिदृश्यहरु देखाउनको लागि सुगम बनाउन जरुरी छ तर पहिलो कुरा प्रदेशलाई प्रदेशवासीलाई खुशी बनाउनको लागि शिक्षा र स्वास्थ्यमा सरकारले कम महत्व दिएको मलाई लाग्दछ। सभामुख महोदय, यो प्रदेशवासीलाई खुसी बनाउनको लागि शिक्षामा हामीले जुन हिसाबले बजेट विनियोजन गर्नु पर्ने थियो, नीति ल्याउनु पर्ने थियो, सरकारी शिक्षालाई गुणस्तर बनाउँछु भनेर हुँदैन। हामीले केन्द्रबाट नमूना स्कुल प्रत्येक क्षेत्रमा एउटा भनेका थियौं, त्यसले जुन प्रगति गर्नु पर्ने थियो, त्यो प्रगति गरेको छैन। अहिले ठ्याक्कै त्यसको नक्कल गरेर प्रदेशले एउटा निर्वाचित क्षेत्रमा एउटा स्कुललाई छुट्टाउने जस्तो हामीले त्यो बजेटमा अनुभव गरें। त्यो भन्दा स्कुललाई गुणस्तर बनाउनको लागि शिक्षकलाई कसरी आफ्नो जिम्मेवारीपूर्ण बनाउने हो। त्यसमा राम्रो शिक्षकलाई पुरस्कार र नराम्रो शिक्षकलाई सजाय सहितका योजनाहरु र पाठ्यक्रममा सुधार र अब हाम्रो कृषिलाई महत्वपूर्ण योगदान दिने भन्दै गर्दा स्कुल, शिक्षामा नै स्कुलको एउटा विद्यार्थीहरुलाई आठ क्लासदेखि नै प्राविधिक शिक्षा, खेतिमा कसरी काम गर्ने, उद्योगमा कसरी काम गर्ने, भन्ने खालका पाठ्यक्रमहरुलाई सुधार गर्ने र स्वास्थ्यमा हामीले सबभन्दा ठूलो कुरो मानवको स्वास्थ्य हो। हाम्रो यहि गण्डकी प्रदेशको केन्द्रमा अहिले भर्खरै एउटा मुटुको विरामी आयो। एउटा हल के थियो भने त्यसको उपचार नगरेकन हेलिकप्टर काठमाडौं जानु पर्ने वातावरण छ। हामीले एउटा ठोस नीति ल्याएर, ठोस बजेट ल्याएर ठाउँ ठाउँमा त्यसलाई बाँडनु भन्दा पहिला शिक्षा र स्वास्थ्यको ठाउँ ठाउँमा हामीले यसलाई तत्काल कार्यान्वयन हुने गरी बजेट विनियोजन गरियो भने। अझै अगाडी बढछ भन्ने मलाई लाग्दछ। कृषकमा उन्नत जातको माउ केरे . . . हो उहाँले ल्याउनु भएको छ। त्यसलाई कसरी ल्याउने हाम्रो यहि नजिकै रहेको टिशु कल्चरको व्यवस्थापन गर्ने एउटा मिचिधन बसेको छ। त्यसलाई राम्रो तरिकाले प्रविधिहरु झिकाएर, सुन्तलाको राम्रो राम्रो बिउ बिजनहरु पारेर, सुन्तला सुन्तलामा लाग्ने किराहरुलाई निरुत्साहित गरेर, सुन्तलाको

राम्रो उत्पादन गराउन सकियो भने गण्डकी प्रदेशमा स्याउ छँदैछ, सुन्तलालाई अझै विकास गरेर यसको बजारीकरण, यसको स्टोरेज जस्ता कुरामा यो सरकारले चाँडों भन्दा चाँडों ध्यान दियोस्। जडीबुटि, उद्योग धन्धा, खानी उत्खनन जस्ता विषयहरुमा पर्टिकुलरली तोकेर कहाँ तपाईंको के खालको खानीहरु छन् यसलाई कसरी अन्वेषण गर्न सकिन्छ, कहाँ उद्योग धन्धाहरु चलाउन सकिन्छ, कुन उद्योग चल्छ। जडीबूटीको चलाउने हो कि उत्पादनको चलाउने हो कि यो विषयमा सरकार गम्भीर रुपमा आएको छ। मुख्यमन्त्रीज्यू भर्खरै प्रवेश गर्नु भएको छ। मुख्यमन्त्रीज्यूलाई हिजो पत्रकारसँग बोल्नु भयो। समानुपातिकको विषयमा धन्यवाद तर समानुपातिकको प्रत्यक्ष कसैलाई पनि अन्याय हुने गरी बाँकी रहेको ४८ करोड छुट्टयाइयो थपियो भने सबै माननीयहरुलाई न्याय हुन्छ र नेपाली जनता प्रदेशका जनताहरुले त्यसलाई खुशी मान्छन् तब यि योजना मुख्यमन्त्रीज्यूको चाहना यो प्रदेशलाई छुट्टाएको बजेट सबै खर्च होस् भन्ने चाहना र साना-साना गरिब दुखीहरुको इच्छा पनि पूर्ति हुने भएको हुनाले त्यसतर्फ यो सरकार सोचोस् र यसमा कार्यान्वयन गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दै मेरा भनाई यहीं टुङ्गयाउँछु। धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय श्री राम बहादुर गुरुङलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राम बहादुर गुरुङ

माननीय सभामुखज्यू, मन्त्रीज्यूहरु र सभासद माननीय सभासदज्यूहरु हिजो २०७६ साल असार १ गते ०७६/०७७ को बजेट अथवा विनियोजित बजेटमा माननीय अर्थ मन्त्री किरण गुरुङ्गबाट प्रस्तुत गरेको यो बजेटको सन्दर्भमा असाध्यै राम्रो असाध्यै महत्वपूर्ण बजेट वाचन गर्नु भएको छ। सबै माननीयज्यूहरुले बुझि सक्नु भएको छ। र सबैलाई म यो कुरा राख्न चाहन्छु कि गत सालमा हामीले बजेटमा कार्यान्वयन गर्न सकेन भन्ने कुरामा हामीसँग पर्याप्त मात्रामा कर्मचारी नहुनु, हाम्रो

नियम र कार्यविधि नहुनुको कारणले हामीले बजेट कार्यान्वयन गर्न सकेनन्। त्यसकारणले अब आजको यस बजेटबाट हामीलाई कर्मचारीको पर्याप्त मात्रामा छ। हाम्रो नियम बनि सकेको छ, कार्यविधि बनि सकेको छ। त्यसकारणले यस पटकको बजेट कार्यान्वयन भएर प्रभावकारी किसिमको बजेट कार्यान्वयन हुनेछ भन्ने कुरामा मलाई विश्वास लागेको छ। यस प्रदेशको गण्डकी प्रदेशको आर्थिक उन्नति र समृद्धिको लागि यो बजेटले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने मैले विश्वास लिएको छु र यस वर्षमा यस वर्षको बजेटले असाध्यै राम्रो यहाँ साथीहरुले कुनै सरले टिकाटिप्पणी गरि सक्नु भएको छ तर बाहिर बुझ्दाखेरि जो आज मेलै बुझ्दाखेरि असाध्य राम्रो बजेट आएको छ। योलाई कार्यान्वयन पक्षमा ध्यान दिन कति सक्छ भन्ने कुरा आएको छ। त्यसकारणले माननीय सदस्यज्यूहरुले आफ्नो निर्वाचन क्षेत्रमा गएर आफ्नो परेको बजेटलाई कार्यान्वयन गर्ने तर्फ असाध्यै ध्यान दिएर सक्रिय भएर लाग्नु पर्ने यस वर्षको आवश्यकता मैले ठानेको छु। अब मैले धेरै कुराहरु मैले भन्नु भन्दापनि अर्थ मन्त्रीज्यूले प्रष्ट रुपमा यो बजेटको विनियोजित सम्बन्धमा प्रष्ट रुपमा छर्लङ्ग पारेर यहाँ वाचन गरि सकेको छ। त्यसकारण मैले दोहोऱ्याउन चाहेन अथवा भौतिक तथा पूर्वाधारको लागि आवश्यक बजेट विनियोजित भएको छ। र यस वर्षको बजेटमा भौतिक पूर्वाधारको लागि यस वर्षको बजेटले नमुना प्रदेशको जुन रुप लिने कुरामा म ढुक्क भएको छु र त्यस्तै भूमि तथा कृषि मन्त्रालयमा आवश्यक बजेटको विनियोजित गरिएको छ। यसलाई प्रभावकारी ढंगले हामीले परिचालन गर्नु पर्छ। त्यस पछि हामी यसमा सफल हुन सक्छौं। सामाजिक विकास मन्त्रालय अन्तरगत परेको बजेट र सामाजिक विकास सम्बन्धी आवश्यक सीप र तालीमको कुरामा जोड दिएको छ। यो प्रदेशलाई रोजगारको सीपमूलक तालीम दिएर दक्ष उत्पादन गरेर यस ठाउँबाट उत्पादित वस्तु निर्यात गर्ने र आयात वस्तुलाई विस्थापित गर्न लाई यो यस पटकको बजेटले प्राथमिकता दिएको छ। उद्योग तथा पर्यटन वन वातावरण मन्त्रालयको सम्बन्धमा यस वर्ष भन्दा पनि अगाडीको वर्षमा पर्यटनको पूर्वाधारको लागि एउटा बेसलाइन बनाइ सकेको छ अब हामीले त्यसलाई स्तरोन्नति गर्ने, त्यसलाई समन्वय गर्ने त्यसलाई कसरी प्रभावकारी गर्ने भन्ने कुरामा

अहिले महत्वपूर्ण हाम्रो जिम्मेवारी छ। त्यसकारणले अरु जस्तै होमस्टे बनाएको छ। ठाउँ ठाउँमा पर्यटकहरुको लागि ठाउँ ठाउँमा पूर्वाधार बनाइ सकेको छ। पूर्वाधारमा हामी लागि सकि रहेका छौं त्यसकारणले पर्यटनको सम्बन्धमा पनि राम्रो बजेट विनियोजित भएको छ। त्यसकारणले अब यस यस पटकमा हामी सबै माननीयज्यूहरुले स्थानीय तहसँग मिलेर र जनप्रतिनिधि मिलेर र ठेकेदारहरुले राम्रो किसिम गुणस्तरीय काम नगरेको र सबैलाई थाहा छ त्यस कारणले यस पटकमा हाम्रो जो स्थानीय तह र ठेकेदारले काम ठीक गर्दैन र इस्टिमेट अनुसार इन्जिनियरले इस्टिमेट अनुसार क्वालिटी, क्वालिटी, क्वालिटी, क्वान्टिटि र क्वालिटी गर्छ कि गर्दैन। टाइममा डेलिभरी दिन्छ  कि दिंदैन यो सबै भन्दा महत्वपूर्ण कुरा हो त्यसकारणले यस पटक मलाई जहाँसम्म लागेको छ। सबै माननीयज्यूहरु सक्रिय भयो भने यस पटकको बजेट आउने चैत्रको अन्तिम तिर सबै फर्छयौट गर्ने अथवा सफल गर्ने कुरामा हामी सबै जोडदारसँग लाग्यौं भने हाम्रो प्रदेशको सफल हाम्रो आर्थिक विकास, हाम्रो यो सुन्दर प्रदेशको रुपमा यो सात वटा प्रदेश भन्दा पनि यो राम्रो नमुना भएको प्रदेश बन्ने छ र यो विकासको पहिलो आर्थिक बजेट हो त्यसकारण यो बजेटलाई कार्यान्वयन गर्न लाई सबै माननीयज्यू र मन्त्रीज्यूहरु सबै मिलेर लाग्नु अनुरोध गर्दै, मेरो छोटो मन्तव्य यहिं अन्त्य गर्दछु। हस् धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय श्री मनकुमारी गुरुङलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मनकुमारी गुरुङ

माननीय सभामुख महोदय, यस गरिमामय सदनमा गण्डकी प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री किरण गुरुङ्गद्वारा २०७६/०७७ को बजेट हिजै मात्र प्रस्तुत भएको छ। यो १५५ बुँदामा तयार पारेको बजेट वक्तव्य बुकको लागि धन्यवाद दिन चाहन्छु। सभामुख महोदय, समृद्ध प्रदेश र

सुखी नेपालीको नारा बोकेर हिडेको यो सरकारले आज दोस्रो बजेट ल्याएको छ। आज सारा प्रदेशवासी उत्सुकताका साथ कस्तो बजेट आउँछ भनेर कान ठाडो पारी पारी प्रदेशतर्फ नियाली रहेको अवस्था छ। के यो बजेटले द. . . राजमा रहेका नेपाली जनता र विदेश पलायन भएको युवाहरुको लागि तेस्तो सम्बोधन भएको छ त म प्रश्न गर्न चाहन्छु। त्यस्तै गरेर महिला आधा धर्ती ओगटेको महिलाको लागि यथेष्ट सम्बोधन भएको छ त म यसमा पनि प्रश्न गर्न चाहन्छु। जस्तै युवाहरुको लागि भनेर ११५ बुँदामा युवा तथा खेलकूद भनेर त्यहाँ ५ करोड तालीमको लागि भनेर ५ करोड मात्र छुट्टाएको छ। अहिले देशमा एकदमै समस्या जल्दोबल्दो समस्या र हामीले समृद्ध प्रदेश बनाउनको लागि युवालाई एकदमै सम्बोधन गर्न जरुरी छ। यो ५ करोडले यत्रो धेरै बेरोजगारी समस्या हल हुन्छ त त्यसै कारणले यो युवाको लागि एकदमै पर सारेर युवाहरुको सम्बोधन कति पनि भएको छैन मलाई यस्तो लाग्छ हामीले मेन अहिले विदेश पलायन भएका युवाहरुलाई हामीले यहिं नै रोजगारीको सिर्जना अवसर गरेर युवालाई व्यवसायिक बनाउन जरुरी छ। हामीले हाम्रो दक्ष जनशक्तिलाई नेपालमै रोक्नु छ भने यसले यथेष्ट सम्बोधन भएको छैन। जस्तै अब होमस्टेको लागि २५ करोड भनेको छ। भने पर्यटकीय गन्तव्यलाई १७ करोड र अनि यो शिर्षकमा कुन शिर्षकमा कति बजेट र आफ्नो भन्ने हो यो कुन शिर्षकलाई कति प्राथमिकता दिने कुन शिर्षकलाई कति महत्व दिने भन्ने अब जस्तो होमस्टेलाई त पोहोर नै दिई सकेको छ। अब पर्यटकीय गन्तव्य भनेर १७ करोडमा त पक्कै पनि बन्दैन। त्यसकारणले पनि यो शिर्षकवाइज अलिकति यसमा बजेटको विनियोजित गर्ने ढंगमा अलिकति भएको जस्तो मलाई लाग्दैन।अब जस्तै औद्योगिक क्षेत्रमा २ करोड भनिएको छ। अनि तेस्तै प्रालि उद्योगलाई ६ करोड किन त हैन यसमा पनि त यो शिर्षकमा त मिलेको छैन। अनि महिला अब धेरै जस्तो सम्भाव्यता अध्ययन र तालीमलाई मात्र भनेर बढी प्राथमिकता दिएको छ। यो किन हो म यो प्रश्न गर्न चाहन्छु। दलित र कुमाल र अन्य जातिको लागि प्रवर्द्धन गर्नको लागि साना उद्योगहरुलाई यो टेवा पुर्‍याउनको लागि हामीले १ करोड भनिएको छ। यसले त कतिवटा ठाउँमा बाँडने हो यसले। हेर्नुस र त्यस्तै अब फेरि

यो सामाजिक महिला र सामाजिक सुरक्षाको लागि जोडेर १ करोड ६ वटा जिल्लामा १ करोड भनिएको छ। यसले १ करोड ले फेरि यसमा कति वटा भवन बनाउने हो। केन्द्र यो गुनासो, यो पिडित केन्द्र, वकालत केन्द्र भनेर हैन, त्यसमा यो ६ करोडले ६ वटा जिल्लामा पुग्छ त म यसमा नि प्रश्न गर्न चाहन्छु। त्यसै कारणले यो शिर्षक कुन शिर्षकमा कति छुट्टाउँदा ठीक होला भन्ने अलिकति अनुमान नलगाएको जस्तो यो बजेटले गरेको छ। अब जस्तै महिलाहरुको लागि यो १२२ बुँदामा महिला र लक्षित वर्गको लागि भनेर जुन कति १७ करोड ६५ लाख छुट्ट्याएको छ र यो दश हजार जनाहरुलाई रोजगारी सिर्जना अवसर भनेको छ। यो कसरी सम्भव हुन्छ कि किनभने यो अहिले सामान्य पालमा के छ भने आइएनजिओ एनजिओ देखि लिएर हरेक संस्थाले हरेक निकायले तालीमहरु महिला र युवाहरुलाई प्रशस्त तालीम दिई सकेको छ। हामीले बजेटमा सम्बोधन गर्दै गर्दाखेरि उनीहरुको तालीमलाई अहिलेसम्म दिइएको तालीमलाई सीपहरुलाई कहाँ लगेर व्यवस्थित गर्ने र त्यसलाई रोजगारीमा ढाल्न पर्‍यो। सिर्जना गर्न पर्‍यो अहिले हामीले बढि तालीमलाई मात्र फोकस गर्न भन्दा पनि त्यो हामीले पहिल्यै सिकि सकेको तालीमहरु अहिले त गाउँ गाउँमा त थुप्रै एनजिओ आइएनजिओहरुले महिला र युवाहरुलाई एकदमै धेरै तालीम दिएर उनीहरुको तालीम त्यो सीप कहाँ प्रयोगमा ल्याउने भनेर धेरै जना बसी राखेको अवस्था पनि छ। त्यसको लागि त हामीले त केही खोल्नु पर्‍यो त्यो कलकारखाना हैन। त्यसैले यो तालीमलाई अध्ययन अनुसन्धानलाई भन्दा पनि त्यो हामी उद्योग सञ्चालन तिर नै बढी जोड दिंदा अलि राम्रो हुन्थ्यो मलाई लाग्छ। र अब पर्यटकीय यो हाम्रो ४ नम्बर गण्डकी प्रदेश यो पर्यटन व्यवस्थालाई यसलाई प्रमुख रुपमा लिनु पर्ने हुन्छ। त्यसैले कारणले पनि यो १७ करोड यो मलाई चित्त बुझेको छैन हैन। यो पर्यटकीय गन्तव्य भन्नाले यसमा त हामीले त धेरै ठाउँ बनाउनु पर्ने हुन्छ हैन। यसमा यो शिर्षकहरु मिलेको जस्तो लाग्दैन।त्यसै कारणले यो धेरै भन्नु भन्दा पनि यो बजेटले हाम्रो सबैले अपनत्वको भावना यसमा फिलिङ्ग हुनु पर्‍यो। हैन सबै जनताले मेरो है भनेर यसमा भन्नु पर्‍यो। यो बजेट एउटा कार्यकर्तालाई पाल्ने कार्यकर्तामुखि हैन अझै हुनु भएन

भन्ने मेरो यसमा भनाई छ। त्यसको कारणले यसले हामीले कुन कुन मेन मेन कुरालाई हामीले यो प्रदेशलाई समृद्ध बनाउनको लागि अहिले त हामीले सोचेका थियौं कि  हाम्रो गण्डकी प्रदेशमा धेरै बजेट आउँछ भनेर हैन। यो गत वर्षमा धेरै खर्च नगरेको हुनाले पनि हो कि या हैन के कारणले हो किनभने हाम्रो त एकदमै दोस्रो कम बजेटमा गण्डकी प्रदेश भन्ने आएको छ हैन यो किन भई राखेको छ। हामीले सोचेका थियौं कि हाम्रो सात वटा प्रदेश मध्येमा फर्स्ट प्रदेश होस् यो गण्डकी प्रदेश भनेर। सबैको चाहना हो त्यसैकारणले पनि यो कुराहरुमा धेरै कुरा हामीले कुन शिर्षकमा कति बजेट छुट्टायउने भन्नेको नाममा सबै विज्ञहरुलाई जम्मा गरेर हाम्रो मन्त्रीज्यूहरुले यो व्यवस्था यो शिर्षकवाइजमा कुन शिर्षकमा कति बजेट छुट्टयाउँदाखेरि सबैलाई सम्बोधन हुन्छ भन्ने कुरा हो। र मेरो लास्टमा यहि भन्न चाहन्छु कि सबै भन्दा हामीले युवालाई हेर्नु पर्छ। युवा युवा शक्ति एकदमै विदेश पलायन भएको अवस्था छ। हामीले जबसम्म युवालाई सम्बोधन गर्न सक्दैनौं युवालाई रोजगारीको अवसर सिर्जना गरेर नेपालमै बस्ने वातावरण सिर्जना गर्न सक्दैनौं तबसम्म समृद्ध प्रदेश पनि हुँदैन। र महिलाको लागि पनि महिलालाई पनि यथेष्ट बजेटले सम्बोधन गर्न पर्छ भन्दै मेरो छोटो भनाई यहिं अन्त्य गर्न चाहन्छु। हस् धन्यवाद । जय नेपाल ।

## माननीय सभामुखज्यू

माननीय श्री विन्दु कुमार थापालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय विन्दु कुमार थापा

सभामुख महोदय, आज हामी २०७६ असार १ गते प्रदेश सभा बैठकमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ्गज्यूबाट प्रस्तुत आ.व. २०७६/०७७ को बजेट वक्तव्यको विषयमा सैद्धान्तिक छलफलमा जुटि रहेका छौं। प्रस्तुत बजेट वक्तव्यमा प्रदेशको समृद्धिका आधारहरु पर्यटन, उर्जा, कृषि, उद्योग र पूर्वाधार

विकासको अलावा सिर्जनशील मानवपुँजी निर्माण तथा विकास र सुशासनलाई समेटिएको पाइएको छ। करको दरहरु नबढाईएको दायरा फराकिलो पार्ने प्रयास गरिएको छ। स्थानीय तहसँगको साझेदारी र सहकार्यमा हाउसको लिङ्क ल्याण्ड पुलिङ्ग सम्बन्धी नीति तथा कानुनी व्यवस्था गरी एकीकृत बस्ति तथा विकासका कुराहरु रहेका छन्। बजेटमा प्रादेशिक भवन निर्माण संहिता तथा मापदण्ड निर्धारण गरिने कुराहरु आएका छन् । होमस्टे मुख्यमन्त्री जलवायु मैत्री कृषि नमुना गाउँलाई परिमार्जन सहित निरन्तरताका कुराहरु आएका छन् जुन अत्यन्त राम्रा छन्। यि सबै राम्रा र असल मनका साथ आएका सरकारका काममा हाम्रो साथ र सहयोग रहने कुराको प्रतिबद्धता जाहेर गर्न चाहन्छु। सभामुख महोदय, यति हुँदाहुँदै पनि प्रतिपक्ष माननीय ज्यूहरुको चर्को विरोधका बावजुद यस पालि पनि पर्यटन, कृषि र सामाजिक विकास मन्त्रालयमा, मन्त्रालयका सुचक, मन्त्रालयमा शिर्षक नखुलेका बजेट आउने देखियो। यसमा व्यापक अनियमितता, विभेद र समानुपातिक र आवश्यकताका आधारमा भन्दा पनि पहुँच र आफ्ना कार्यकर्ता खुशी पार्ने सवालमा खर्च भएको पाइएको छ। यसको हामी विरोध गर्दछौं। ४९ नं. बुँदामा शहरी यातायातलाई व्यवस्थित गर्न पोखरा महानगरसँग सहकार्य गरी अत्याधुनिक मेट्रो बस र प्रदेश बस पार्क निर्माण सम्भाव्यता अध्ययनका लागि आवश्यक बजेट छुट्टाइएको भनिएको छ। सर्वप्रथम त यो कुरा नीति तथा कार्यक्रममा नपरेको कुरा र समेटिनु पर्ने सवाल मैले नै सदन समक्ष प्रस्तुत गरेको थिएं । उक्त कुरालाई माननीय मुख्यमन्त्रीज्यूको जवाफी सम्बोधनमा आएको थियो र बजेटमा पनि सम्बोधन भएकोमा म मेरो पार्टी नेपाली काँग्रेस र मेरो तर्फबाट प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु। तरपनि बजेटमा मेट्रो बस टर्मिनल पृथ्वीचोकमा र लामो दुरीको प्रदेश बसपार्क लेखनाथको लामेहालमा बनिएको छैन र पोखरा बसपार्कमा रहेको १८७ रोपनी जग्गा भित्र रहेका अव्यवस्थित बसोबासीहरुलाई समुचित व्यवस्थापनको कुरा आएको छैन। त्यहाँ पोखरा नगरपालिकाले दुई वर्ष अगाडी लिएको तथ्याङ्कमा ४७५ घरधुरीहरु छन्। हालै पनि महानगरले लागत लिन थालेको छ। यसको बजेटमा स्पष्ट र यति रकम भन्ने पनि आएन। उक्त कुराको सम्बोधन आउनु पर्छ। सभामुख

महोदय, बजेट वक्तव्यको १२९ बुँदामा प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो र प्रदेश प्रहरी तालिमकेन्द्रका कुराहरु आएका छन् जुन स्वागत योग्य छ। यसमा सरकारले गण्डकी प्रदेशको एघार वटै जिल्लामा प्रदेश प्रमुख जिल्ला अधिकारी भने जस्तै सिडिओ भने जस्तै प्रदेश मुख्य जिल्लाधीशको पनि व्यवस्था गरि हाम्रो प्रदेशको शान्ति सुरक्षा तथा अमन चयन र सुशासन र सुव्यवस्था कायम राख्न व्यवस्था राख्न बजेट थप्नु पर्दछ। सभामुख महोदय, सुकुमवासी समस्या समाधान आयोगको विषयमा हामीले सदनमा धेरै पटक कुरा उठाएको हो। यस पालीको बजेटमा पनि यसको प्रसंग आएन। यहाँ शहरका मुख्य मुख्य ठाउँमा रहेका व्यवस्थित बसोबासीहरुलाई समयानुकुल उचित व्यवस्था गरी प्रदेशको राजधानी पोखरालाई व्यवस्थित शहरको रुपमा विकास गर्न उच्चस्तरीय विभिन्न समस्या समाधान आयोग बनाएर प्रक्रिया थाल्न बजेटमा व्यवस्था गर्नु पर्छ। यसको म जोडदार रुपमा माग राख्न चाहन्छु। यस पालीको बजेटमा पनि स्थानीय साझेदारी योजनाहरु राखिएका छन्। यसमा रुपमा स्थानीय तहसँग छलफल र समन्वय गरेर मात्रै स्थानीय सम्भावना र आवश्यकताको आधारमा सहकार्य र साझेदारी गर्नु पर्दछ। अघिल्लो वर्षको जस्तो प्रदेशले राखेको योजनाहरुलाई लामो समय सम्म पनि बेवारिसे अवस्थामा रहेको थियो र यसपाली यस्तो नहोस् भन्ने म सुझाव राख्न चाहन्छु। सभामुख महोदय, हाम्रो विकासको प्रमुख तगारोको रुपमा रहेको यो झंझटीला नियम कानुन र नीति प्रक्रियाका नीति नियमहरु यिनीहरुलाई परिमार्जन, पहिलो आवश्यकता हो। यस पछि भ्रष्टाचारलाई जिरो टोलरेन्समा ल्याउनु अर्को चुनौति छ। म भ्रष्टाचार गर्दिन, गर्न पनि दिन्न नारा ठीक छ तर कार्यान्वयन भएन। अहिले पनि सेवा दिने कार्यालयहरुमा ठूला ठूला अक्षरमा लेखिएका छन्। त्यहाँ नै बढता भ्रष्टाचार हुने गरेको पाइएको छ। सभामुख महोदय, नीति तथा कार्यक्रममा कारागारलाई सुधारगृहको रुपमा विकास गर्ने कुरा आएको थियो। बजेटमा मैले देखिन। अहिले जिल्ला प्रहरी कार्यालयको थुनुवा राख्ने ठाउँमा साठी जनाको क्षमताको कोठामा १८० जनासम्म कोचेर राखेको, राखेर अमानवीय व्यवहार गरेको हामीले पायौं। सुन्दाखेरि पनि कति स्पेस चाहिने हो। टाउको र घुँडा जोडेर सुत्नु पर्ने अवस्था त्यहाँ देखिन्छ।

कारागारको हालत पनि त्यस्तै छ। क्षमता भन्दा बढि कैदीहरु छन्। तिनलाई मानवीय व्यवहार गरिदैंन। त्यतातिर पनि प्रदेश सरकारको ध्यान जानु पर्छ। अन्तमा प्रदेश सरकारले ३२ अर्ब १३ करोडको बजेट मध्ये चालु तर्फको १२ अर्ब २८ करोड र पुँजीगत तर्फ १९ अर्ब ८४ करोड खर्च गर्ने प्रस्ताव आएको छ। यो पुँजीगत तर्फ ६२% र चालु तर्फ खर्च ३८% रहेको छ। यो भनेको बजेटको सुन्दर पक्ष हो। बजेट पूर्ण रुपमा सुशासन कायम गर्न, भ्रष्टाचार निर्मूल गरी प्रदेशलाई संमृद्ध, संमृद्ध प्रदेश बनाउने अभियानमा फडको मार्न सकोस्। यस अभियानमा हाम्रो पनि सपोर्ट र समर्थन रहने प्रतिबद्धताका साथ र पूर्ण रुपमा कार्यान्वयनको शुभकामनाका साथ आफ्नो भनाई अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुखज्यू

माननीय श्री इन्द्रलाल सापकोटालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय इन्द्रलाल सापकोटा

माननीय सभामुख महोदय, यति बेला हामी आगामी आर्थिक वर्ष ०७६/०७७ का लागि प्रस्तुत बजेट माथि छलफल गर्न अगाडी गई रहेका छौं। ०७६/०७७ का लागि कुल ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको ध्येय प्रस्तुत गरिएको छ। जस मध्ये चालु तर्फ १२ अरब २८ करोड ५७ लाख ७२ हजार र पुँजीगत तर्फ १९ लाख ८४, १९ अरब ८४ करोड ९० लाख २० हजार प्रस्तुत गरिएको छ। प्रतिशतका हिसाबले ६२% बजेट पुँजीगत तर्फ प्रस्तुत गरिएको छ भने ३८% बजेट चालु तर्फ जुन प्रस्तुत गरिएको छ, आफैमा विकास र संमृद्धिका हिसाबले यो अत्यन्तै सुन्दर पक्षको रुपमा बजेटमा प्रस्तुत भएको छ। यति मात्रै होइन मैले बजेट प्रस्तुत भई सकेपछि चालु आर्थिक वर्षको बजेटलाई अध्ययन गरें। गत आर्थिक वर्षको बजेटको श्रृंखलालाई पनि मैले अध्ययन गरें । यो सबै कुरालाई अध्ययन गर्दा बजेट अत्यन्तै ठोस र मूर्त रुपमा प्रस्तुत भएको छ। चालु आर्थिक वर्षको बजेटमा देखिएका थुप्रै कमि कमजोरीहरुलाई यसले सच्चाउने प्रयत्न गरेको

छ। वस्तुनिष्ठ समिक्षा गरेको छ र जुन हामीले यो सदन भित्र बजेट खर्च हुन सकेन भनेर आवाज बुलन्द गरि रहेका छौं, बजेटले ५६% को हाराहारी भित्र बजेट प्रस्तुत गरेको छ। यो सबै कुरा हेर्दा बजेट गण्डकी प्रदेशको संमृद्धिका निम्ति हामीले कल्पना गरेको १४% गरिबलाई ७% मा झार्ने कुरा, उज्यालो प्रदेश बनाउने कुरा, ५ वर्षमा कृषिमा आत्म निर्भर गर्ने कुरा र आर्थिक वृद्धि दरलाई जुन आंकलनका साथ प्रस्तुत गरेका छौं, यो सबै बजेटको सेरिज हेर्दा निरन्तरतासँगै नियमिततासँगै अलिकति ठोस र मूर्त योजनामा जुन बजेट विनियोजन गरेको छ। यसले यो प्रदेशको संमृद्धिका निम्ति विकासका निम्ति कोशेढुङ्गा साबित हुनेछ। यहि मानेमा मैले आर्थिक मामिला तथा योजना मन्त्री र सिङ्गो गण्डकी प्रदेश सरकारलाई हार्दिक धन्यवाद, आभार व्यक्त गर्दै, प्रस्तुत बजेट प्रति पार्टीको तर्फबाट, मेरो व्यक्तिगत तर्फबाट हार्दिक समर्थन र प्रतिबद्धता जाहेर गर्न चाहन्छु। बजेटले धेरै साथीहरुले भन्नु भयो, वास्तवमा बजेट यहाँ हामी माननीय सांसदहरु छौं। सबै ठाउँबाट प्रेशर, बाटोमा होला भौतिक पूर्वाधार मै होला तर मलाई बहुत खुशी लागेको छ। हामीले गण्डकी प्रदेशको संमृद्धिको आधार पर्यटन भन्यौं, हामीले उर्जा भन्यौं, कृषि भन्यौं, उद्योग र पूर्वाधार भन्यौं तर यो सबै कुराहरुको सिरिजमा जब हामीले पूर्वाधारलाई जोड दिन सक्दैनौं, हामीले पर्यटनको कुनै गन्तव्य तोक्यौं, बाटो छैन हामी पुग्न सक्दैनौं, हामीले होमस्टे बनाएका छौं, वर्खा लायो पुल नहाले हामी त्यहाँ पुग्न सक्दैनौं, फेरि पनि बजेटले एकदमै ठीक ठाउँमा पकडेको छ। मैले हेरें झण्डै मोटरेबल पुलमा ८ अरब बजेट विनियोजन गरेको छ। झोलुङ्गे पुललाई २ वर्ष भित्र प्रदेशलाई झोलुङ्गे पुल मुक्त अथवा आवश्यक परेका ठाउँमा झोलुङ्गे पुल बनाउने क्रममा कमिटमेन्ट साथ बजेट विनियोजन गरिएको छ। विगतका, प्रदेशका गौरवका योजनाहरुको सन्दर्भमा शायद वृहत पोखरा चक्रपथको कुरा होस्, चाहे पोखरा भिमाद दुम्किवास द्रुतमार्गको कुरा होस्, चाहे शालीग्राम करिडोरको कुरा होस्, चाहे जिल्ला सदरमुकाम जोडने सडकको कुरा होस्, चाहे निर्वाचन क्षेत्र सडकको कुरा होस्, यसमा थप प्रदेश सरकारको प्रशासनिक संरचना बनाउने कुरा र स्थानीय तहमा समेत प्रदेशका स्थानीय तहमा समेत संरचना निर्माण गर्ने कुरालाई जोड दिएको छ। चाहे हजार बेडको

हस्पिटलको कुरा होस् । चाहे अन्तरराष्ट्रिय सम्मेलन केन्द्रको कुरा होस् यसलाई बजेटमा क्रमिकता निरन्तरताका साथ अगाडी बढाएको छ। यसले के भन्न सकिन्छ भने बजेट गत वर्षको एउटा अनि त्यसलाई फडकेर अर्को कुनै शिर्षकमा छैन। सिरिजमा हाम्रो नीति कार्यक्रमको जग भित्र प्रदेशको स्थिति पत्र भित्र र संविधानले परिकल्पना गरेको न्यायोचित समाज निर्माण गर्ने समाजवाद उन्मुख समाज निर्माण गर्ने तर्फ भने बजेट केन्द्रित छ। यो मानेमा पनि मैले धन्यवाद दिन चाहन्छु। सभामुख महोदय, वास्तवमा गण्डकी प्रदेशले समस्याको ठीक पहिचान गरेको छ मलाई तेस्तो लाग्छ। खानेपानी तर्फ मैले हेरें जिल्ला स्तरीय प्रोफायल गराउने कुरा गरेको छ र झण्डै २ अरब २० करोड बजेट खानेपानी तर्फ जहाँ खानेपानी पुगेको छैन, त्यहाँ पानी पुऱ्याउने, जहाँ सार्वजनिक सामुदायिक धारा छ त्यसलाई एक घर, एक धारा मार्फत अगाडी बढने कुरा गरेको छ। सिंचाईमा झण्डै २ अरब ९ करोड बजेट विनियोजन गरेको छ। सतह सिंचाई, भूमिगत सिंचाई र साना सिंचाईलाई यसले जोड दिएर गएको छ। नदि तटबन्धनको सम्बन्धमा महत्वपूर्ण क्षति पुऱ्याउने नदिहरु वास्तवमा यसले किटानका साथ किटान गरेको छ। उर्जाको सन्दर्भमा उज्यालो प्रदेश गराउने कुरा होस्। विद्युत नुपुगेका ठाउँहरुमा केन्द्रिय विद्युतीयकरणका निम्ति ठोस योजना बनाउने कुरा होस् काठेपुल १५ हजार भन्दा बेसि बाँकि काठेपुल विस्तार गर्ने कुरा होस् या लघु, लघुवित्त जलविद्युत आयोजना जहाँ संचालन भएका छन् तिनलाई मर्मत संभार गर्ने कुरा होस् त्यसमा वास्तवमा बजेटले ध्यान पुऱ्याएको छ। सहरी विकासको सन्दर्भमा पनि बजेटले मैले सर्सर्ति हेरें वास्तवमा सामुदायिक भवन निर्माण गर्ने कुरा होस्, व्यवस्थित शहरी विकासको कुरा होस्, एकीकृत बस्ति विकासका कुरा होस्, यसले वास्तवमा अत्यन्तै महत्वका साथ अगाडी बढाएको छ। पर्यटनको क्षेत्रमा हामीले जुन होमस्टेलाई, पर्यटन पूर्वाधारको महत्वपूर्ण क्षेत्रको रुपमा विगत बजेटले हामीलें अङ्गिकृत गऱ्यौं यसलाई कहिलेपनि विस्तार गर्ने यसलाई अझै व्यवस्थित गर्नका निम्ति महत्वपूर्ण बजेट विनियोजन गरेको छ। झण्डै २५ करोड बजेट होमस्टे पूर्वाधारका निम्ति छुट्याएको छ। पदमार्ग, टावर र उद्यानका निम्ति १८ करोड बजेट विनियोजन गरेको छ।

पर्यटकीय गन्तव्यको विकासका लागि ४४ वटा पर्यटकीय गन्तव्यका निम्ति १७ करोड ६० लाख विनियोजन गरेको छ र पर्यटकीय गुरुयोजना बनाउनका निम्ति पनि यसले बजेट विनियोजन गरेको छ। यो सर्सर्ति हेर्दा पर्यटनको क्षेत्रमा, उद्योगको क्षेत्रमा, शहरी विकासको क्षेत्रमा, भौतिक पूर्वाधारको क्षेत्रमा, कृषिको क्षेत्रमा पनि मैले मोटामोटि हेरें। कृषिलाई व्यवसायिकरण गर्ने कुरा, यान्त्रिक गर्ने कुरा, नर्सरी निर्माण गर्ने कुरा, व्यवस्थित नर्सरी निर्माण गर्ने कुरा, हाइटेक प्रविधिको कुरा र टिशुकल्चरद्वारा को बिरुवा उमार्ने कुरा, मनाङ्ग, मुस्ताङ्ग जस्ता ठाउँहरु जहाँ स्याउ फल्छ त्यहाँ स्याउका बिरुवाहरु वितरण गर्नेदेखि लिएर शीत भण्डारदेखि स्वस्थ्य दुध स्वस्थ्य मासुको अत्यन्तै प्लानिङ्ग गरेको छ। यसले भन्न सकिन्छ, गण्डकी प्रदेश यो बजेटले अगाडी बढन सक्यौ भने हामीले पाँच वर्ष भित्र कम्तिमा प्रदेश सरकारको अनुभूति दिन सक्छौं। स्वाभाविक ढंगले हामीले पटक पटक भनि रहेका छौं संघीय सरकारको दृष्टिकोण अहिले पनि संघीय मुताबिक अगाडी बढन सकिएन कि? हाम्रो चासो छ, आशंका छ। चानचुन हाम्रो ३२ अरबको बजेट यहाँ प्रस्तुत भएको छ। मलाई लाग्छ हाम्रो माग, जनताको चाहना, यो तरवले हामी जुन तहको प्रदेश निम्ति हेर्न चाहन्छौं त्यसका निम्ति ३२ अरब होइन मलाई लाग्छ २-४ खरबको बजेट हामीले बाँडन मात्रै पायौं भने हामीले धेरै छलाङ्ग मार्न सक्छौं होला तर ३२ अरब भित्र सिमित रहने कुरा गरेका छौं। हाम्रो त बाध्यता छ र अहिले करको क्षेत्रमा पनि अरु यथावतै राखेको छ। वास्तवमा क्षेत्र विस्तार गरेर यसले चानचुन ३ अबर भन्दा माथि आन्तरिक राजश्व वृद्धि गर्ने कुरा पनि यसले अगाडी बढाएको छ तर अर्को महत्वपूर्ण कुरा यसले प्रदेश विकास प्राधिकरण बनाउने सिङ्गो यो गण्डकी प्रदेशको विकासका निम्ति प्रदेश विकास प्राधिकरण स्थापना गर्ने जसलाई १५ करोड बजेट विनियोजन गरेको छ। निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमका निम्ति ३६ वटा निर्वाचन क्षेत्रमा ७२ करोड बजेट विनियोजन गरेको छ र यसको बारेमा पनि कुनै भ्रम पाल्नु पर्दैन। वास्तवमा हामी निर्वाचित सांसद र समानुपातिक सांसदको बिचमा यसले सहकार्य गरेर त्यही क्षेत्रको विकासका निम्ति पूर्वाधारका निम्ति निर्माणका निम्ति अगाडी बढने छौं। यसको पारदर्शिताका निम्ति यसको अनुगमनका

निम्ति हामीले एउटा दरिलो संयन्त्र निर्माण गर्ने छौं। यो सबै कुरा हेर्दा चाहे शिक्षाको सन्दर्भमा हेरौं । मैले मोटामोटि हेरें। शिक्षाको सन्दर्भमा हामीले विश्वविद्यालयको कुरा गरेका छौं, प्राविधिक विद्यालयका कुरा गरेका छौं। करिब करिब विश्वविद्यालय र आदर्श विद्यालय भनेर हामीले एउटा निर्वाचन क्षेत्रमा जाने गरी हामीले मोडेलको परिकल्पना गरेका छौं। सात वटा विद्यालयको परिकल्पना गरेका छौं। यो सबै कुरा हेर्दा बजेट हाम्रो नीति कार्यक्रमको जगमा उभिएको छ। हाम्रो स्थिति पत्रको जगमा उभिएको छ। हाम्रो संविधानले परिकल्पना गरेको न्यायिक समाज, समानतामा आधारित समाज अथवा छोटो भाषामा भन्दा हामीले समाजवाद तर्फ अगाडी बढने जुन संकल्प गरेका छौं। त्यसलाई भेटाउने गरी त्यो यात्रालाई पछ्याउने गरी जुन बजेट आएको छ, यसका निम्ति मैले फेरि पनि सभामुख महोदय मार्फत आर्थिक मामिला तथा योजना मन्त्री र सिङ्गो गण्डकी प्रदेशलाई हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दै यो बजेटको कार्यान्वयनका निम्ति केही चुनौतिहरु छन् जुन कुराहरु बजेटमा पनि आएको छ। ति विगतका बाट पनि हामीले सिकेका छौं। यि सबै चुनौतिहरुलाई सामना गर्दै हामीले अब आसारे बजेट होइन, हामीले जे भित्रै यो प्रदेशलाई कार्यान्वयन गर्नका निम्ति हामीले अलि ठोस मूर्त सार्थक प्रयास गर्न जरुरी छ। धेरै साथीहरुले महत्वकाँक्षी बजेट भन्नु भयो मैले सर्सति हेरें बजेट महत्वाकाँक्षी छैन। बजेट ठोस छ । मलाई लाग्छ पूर्णमा त्यो ८ अरब आयो भने यो यो कुराहरुमा भनेर आउने छन्। किनभने हाम्रा माग र मुद्दा अनुसार सांसदहरुका माग र मुद्दा अनुसारै यो बजेट एलोकेट गरिएको छ। यसका निम्ति धन्यवाद दिंदै विदा हुन चाहन्छु। धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, यो छलफल आजको लागी यहीँ स्थगित हुन्छ ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार ३ गते बिहानको ११ः००**
**बजे सम्मको लागि स्थगित हुन्छ ।**